# बेनी राजपत्र

बेनी नगरपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्याः १ मितिः १५ बैशाख, २०७६


**भाग-२**

## बेनी नगरपालिकाको

## ज्येष्ठ नागरिक परिचय—पत्र वितरण कार्यविधि, २०७५

नगर कार्यपालिकाबाट पारित मितिः २०७५/१२/२४

नगरप्रमूखबाट प्रमाणिकरण मितिः २०७६/०१/१०

प्रस्तावना :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची—८ को क्र.सं. १६ वमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय—पत्र वितरण निर्देशिका २०७४ लाई आधार मानी बेनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम ज्येष्ठ नागरिक परिचय—पत्र वितरण कार्यविधि, २०७५ जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यबिधिको नाम **"बेनी नगरपालिकाको ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले ज्येष्ठ नागरीक सम्बन्धि ऐन, २०६३ अनुसार बनेको नियमावली २०६५ सम्झनु पर्दछ ।

. (ग) "ज्येष्ठ नागरिक" भन्नाले ६० बर्ष उमेर पुरा गरेको नेपाली नागरिक सम्झनु पर्दछ ।

(घ) "असहाय ज्येष्ठ नागरिक" भन्नाले देहायको कुनै वा सबै अवस्थाको ज्येष्ठ नागरिक सम्झनु पर्दछ ।

१. जीवन यापन गर्ने कुनै आधार, आय स्रोत वा सम्पत्ति नभएको ।

२. पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको ।

३. परिवारको सदस्य भए पनि निजले पालन पोषण नगरी अपहेलित वा उपेक्षित जीवन यापन गर्नु परेको ।

(ङ) "अशक्त ज्येष्ठ नागरिक" भन्नाले शारीरिक वा मानसिक रुपले अशक्त ज्येष्ठ नागरिक सम्झनु पर्दछ ।

(च) "एकल ज्येष्ठ नागरिक" भन्नाले बिधवा, बिधुर वा अबिबाहित एकल ज्येष्ठ नागरिक सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्देश्य र परिचय पत्र वितरणका आधार

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय—पत्र वितरणका आधार हुनेछन् ।

३. उद्देश्य : क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधानले प्रदान गरेको ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमानुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

## परिच्छेद ३
## लक्षीत वर्ग र ज्येष्ठ नागरिकको वर्गीकरण

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

४. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) वमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,
(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,
(ग) असहाय ज्येष्ठ नागरिक,
(घ) अशक्त ज्येष्ठ नागरिक,
(ङ) एकल ज्येष्ठ नागरिक ।

## परिच्छेद ४
## परिचय—पत्र वितरणका मापदण्ड र ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ वमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय—पत्र प्रदान गर्न सकिनेछ ।

५. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ वमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय—पत्रको ढाँचा यस कार्यविधिको अनुसूची १ वमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय—पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण—पत्रको आकार बराबरको हुनेछ ।

## परिच्छेद ५
## परिचय—पत्र वितरण प्रक्रिया

६. परिचय—पत्र वितरण प्रक्रिया

(क) ज्येष्ठ नागरिक परिचय—पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले बेनी नगर कार्यपालिकाका प्रमख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण—पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण—पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय—पत्र प्रदान गर्ने अधिकारी बेनी नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी हुनेछ ।

घ) परिचय—पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत सम्भव भए वमोजिम कम्प्युटराइज गरी बेनी नगर कार्यपालिकाको कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराइनेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय—पत्रको प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारिस सहित बेनी नगर कार्यपालिकामा निवेदन पेस गर्नुपर्ने छ ।

## परिच्छेद ६
## विविध

७. विविध :

(क) ज्येष्ठ नागरिक परिचय—पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीले निर्णय गरे वमोजिम हुनेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय—पत्रको लागि दिने निवेदनको ढाँचा अनुसूची २ वमोजिम हुनेछ ।

(ग) ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख अनुसुची—३ वमोजिम हुनेछ ।

अनुसूची १

ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचय–पत्र

फोटो

प.प. नं :–

नाम थर :– ............................................ ना.प्र.न.:– ......................

ठेगाना : जिल्ला :– **म्यागदी** न.पा.:– **बेनी नगरपालिका**

वडा नं. :– ........... टोल/गाऊँ :– ......... उमेर :– .......... लिङ्ग :– .....

उपलब्ध छुट तथा सुविधाहरु : ...................................

पति/पत्नीको नाम : .........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः .........................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :

.....................................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सवन गरिएको औषधिको नाम .......................

प्रमाणित गर्ने अधिकृतको

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

अनुसूची २

ज्येष्ठ नागरिक परिचय–पत्रको लागि निवेदनको ढाँचा

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
बेनी नगरपालिका, कार्यपालिकाको कार्यालय,
बेनी , म्याग्दी ।

बिषय : ज्येष्ठ नागरिक परिचय–पत्र पाऊँ ।

महोदय,

प्रस्तुत बिषयमा म ज्येष्ठ नागरिक परिचय–पत्र पाउन योग्य भएकोले परिचय–पत्र उपलब्ध गराइदिनुहुन नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि यसै साथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ ।

<u>**निबेदक**</u>

नाम, थर :

ठेगाना :

सम्पर्क नं.

## अनुसूची ३

### ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख

| सि. नं | नाम,थर | स्थायी ठेगाना | जन्म मिति | लिङ्ग | शैक्षिक योग्यता | संरक्षक को नाम | परिचय—पत्र प्राप्त गर्नेको दस्तखत | परिचय—पत्र प्राप्त गर्नेको फोटो | परिचय—पत्र प्रमाणित दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

***

**आज्ञाले,**

**विष्णु प्रसाद पराजुली**

| प्रमुख प्रशासकीय अधिकृत |
| --- |
| |